# आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि.
## बालुवाटार, काठमाडौं
## ३२औं वार्षिक साधारण सभा २०८० असोज २० मा प्रस्तुत हुने
## अध्यक्षज्यूको प्रतिवेदन

प्रिय सेयर सदस्यज्यूहरु,

हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यस संस्थाको ३२ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यू, शेयर सदस्यज्यूहरु तथा उपस्थित अन्य महिला तथा सज्जनवृन्दमा यस संस्था र मेरो व्यक्तिगततर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

प्रस्तुत बार्षिक साधारण सभामा एक आर्थिक वर्षभित्र भए गरेका प्रगति विवरण, वित्तीय विवरणहरुको प्रस्तुती, समीक्षाको साथ पारित गर्देछौ । हाम्रा हरेक साधारण सभाहरु बहालवाला तथा निवृत कर्मचारीहरुको पुनर्मिलन हुने मन्चको रुपमा पनि रहने गरेकोछ । नेपाल राष्ट्र बैंकको परिसरमा यस **आपसी सहयोग बचत तथा ऋण सहकारी संस्थाको** ३२ औं वार्षिक साधारण सभा सदस्यहरुको भव्य सहभागितामा आयोजना गर्न पाउदा हामी अत्यन्त खुशी भइरहेकाछौं । म यस अवसरमा सवै सेयर सदस्यहरुको सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोउत्तर प्रगतिको कामना गर्दै यस संस्था र मेरो व्यक्तिगततर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

नेपाल राष्ट्र बैंकका कर्मचारीहरुमात्र सदस्य रहने गरी वि.सं. २०५० साल असार २१ गते ३७ जना सेयर सदस्यबाट औपचारिक रूपमा स्थापित यस सहकारी संस्थामा २०८० साल असार मसान्तसम्ममा १०७९ जना सेयरसदस्यहरु संलग्न रहनु भएको छ । सेयरसदस्यहरु मध्ये महिला सदस्यहरूको संख्या २५६ जना तथा पुरुष सदस्यहरूको संख्या ८२३ जना रहेको छ । गत आ.व. २०७९/८० मा ३४ जना सदस्यहरू राजिनामा दिएर यस संस्थाबाट अलग हुनुभयो भने ७२ जना नयाँ सदस्यहरू थपिनु भएको छ । चालु आ.व. २०८०/८१ को भदौ मसान्तसम्ममा ११ जना नयाँ सदस्यहरु थपिनु भएको छ भने ८ जना सदस्यहरूले राजिनामा दिई संस्थाबाट अलग हुनु भएको छ ।

विगत केही समयदेखि बैकिङ्ग तथा वित्तीय क्षेत्रमा देखिएको तरलताको समस्याले हाम्रो संस्थालाई पनि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा प्रभावित पारिरहेको छ र पनि संस्थासँग भएको श्रोत र साधनको कुशल उपयोगले बान्छित प्रतिफल हासिल गर्न प्रयत्नरत नै छौ । गत आर्थिक वर्षमा संस्थाको कर्जा लगानीमा उल्लेख्य रुपमा वृद्धि भई आर्थिक कारोबार सन्तोषजनक रुपमा विस्तार भए अनुसार मुनाफामा पनि उल्लेख्य वृद्धि भएको छ । सोको फलस्वरुप अघिल्लो वर्षको तुलनामा विभिन्न कोषहरुमा गरिने योगदानमा बृद्धि हुनुको साथै, संस्थाको शेयर पुँजि वृद्धि भएता पनि शेयर सदस्यहरुलाई वितरण गरिने लाभांश समेत अघिल्लो वर्षकै प्रतिशतमा वितरण गर्न सफल भएका छौं । संस्थाले अवलम्बन गरेको कर्जा र लगानी नीति व्यक्तिगत जमानीमा आधारित रहेको सन्दर्भमा जोखिमका दृष्टिकोणले थप आक्रमक रुपमा कर्जा लगानी वृद्धि गर्ने सम्भावना नभएतापनि संचालक समिति तथा अन्य उप समितिहरुले कुशलताका साथ वित्तीय व्यवस्थापन गर्नसकेको कारण संस्थाको मुनाफालाई सफलताको स्तरमा ल्याउन सकिएको कुरा निवेदन गर्न चाहन्छु ।

संस्थाको विस्तृत वित्तीय विवरण कोषाध्यक्षज्यू तथा लेखापरिक्षकको प्रतिवेदनबाट थप प्रष्ट हुने नै छ । अव म गत वर्ष ३१औं साधारण सभा सम्पन्न भएपश्चात चालु आर्थिक वर्षको असोजसम्ममा भएका महत्वपूर्ण कार्यहरुलाई संक्षेपमा राख्ने अनुमति चाहन्छु ।

१. मिति २०७९।९।९ गते सम्पन्न संस्थाको ३१औं वार्षिक साधारण सभामा ७०५ जना सेयर सदस्यहरुको उत्साहजनक उपस्थितिले गर्दा समितिलाई थप उत्साह र उर्जा प्राप्त भएको छ । सेयर सदस्यहरुको साथ र सुझाव हाम्रा लागि पथ प्रदर्शक हुन ।

२. आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट संरक्षित पुंजी फिर्ता कोष हिसावमा जम्मा भएको रकम रु. १४ लाख ३२ हजारलाई कार्यविधि बमोजिम बचतकर्ताहरुलाई ४० प्रतिशत तथा ऋणीहरुलाई ६० प्रतिशतले हुने गरी बाँडफाँड भई सवै सेयर सदस्यहरुको खातामा जम्मा गरिसकिएको छ ।

३. बजार तथा तरलताको अवस्थालाई दृष्टिगत गरी निक्षेप तथा कर्जामा समयानुकुल रुपमा ब्याजदर परिवर्तन हुने गरेको छ । साथै, संस्थामा अल्पकालिन तरलता संकट समाधानको लागि निश्चित समयावधि तोकी आवधिक बचत मागगर्ने गरिएको छ । यस संस्थाले लिने निक्षेपमा वार्षिक ७ देखि ९ प्रतिशतसम्म ब्याजदर प्रदान गर्दै आइरहेको छ भने विभिन्न प्रकारका कर्जामा १२ देखि १५ प्रतिशतसम्म ब्याजदर लिने गरिएको छ ।

४. २०८० भदौ मसान्तसम्ममा यस संस्थाको चुक्तापुँजी रु.१,९०,९३,०००।- विभिन्न निक्षेप दायित्व जम्मा रु.१३,७४,७५,६०९।- विभिन्न शिर्षकमा प्रवाह भइरहेको कर्जा रु.१६,३७,०४,०००।- र विभिन्न बैंक तथा वित्तीय संस्थामा लगानी (बचत तथा मुद्दती) रु.२,६१,८५,७४२।- रही चालु आर्थिक वर्षको भदौ महिनासम्ममा अपरिष्कृत नाफा रु.३६,८२,०००।- रहेको छ ।

५. संस्थाको कर्मचारी अवकाश कोष सञ्चालन कार्यविधि, निर्माण गरिएको छ भने अन्य आन्तरिक नीति तथा कार्यविधिहरुलाई समय सापेक्ष ढंगले समयानुकुलु बनाउन संशोधन गरिदै आइरहेको छ ।

६. कर्मचारीहरुले गरेको योगदानलाई कदर गर्दै निजहरुलाई रिफ्रेसमेन्ट गर्न तथा संस्था संचालनमा देखिने समस्याहरुको पहिचान गरी ज्ञान आदान प्रदान गर्न उपत्यका बाहिर एक दिने आवासीय कार्यक्रम सम्पन्न गरिएको छ भने २ जना कर्मचारीलाई नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघबाट संञ्चालित सहकारी सञ्चालन सम्बन्धि तालिम प्रदान गरिएको छ ।

७. कर्जा असुलीको वखत लिईने हर्जाना ब्याज, विलम्ब लगायतका शुल्कलाई सदस्यहरुको सल्लाह र सुझावको आधारमा सरलीकरण गर्ने गरिएको छ । यसबाट कर्जा उपयोग गर्ने ऋणी सदस्यहरु थप लाभान्वित हुने विश्वास लिइएको छ ।

८. संस्थाको ३० औं स्थापना वर्ष पुरा भएको उपलक्ष्यमा सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक विकास कोषबाट खर्च हुने गरी जेष्ठ नागरिक र बालबालिकाको लागि आवश्यक खाद्यान्न तथा सरसफाईका सामाग्री वितरणको कार्यक्रम गरिएको थियो । यसका साथै दुर्गम स्थानमा बसोबास गर्ने २ जना गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई कक्षा ११ तथा १२ अध्ययन गर्न छात्रवृत्ति दिने जस्तो पवित्र कार्य समेत गरिएको थियो ।

९. सहकारी सदस्य शिक्षा अन्तंगत गत आर्थिक वर्ष २०७९/८० मा बृहत सदस्य शिक्षा कार्यक्रम अन्तर्गत भब्यताकासाथ काठमाडौंमा एक कार्यक्रम सम्पन्न गरिएको थियो । यस कार्यक्रमले सहभागीहरुको चेतनाको स्तरमा वृद्धि गर्न सफल भएको महसुस गरिएको छ ।
त्यसै गरी सञ्चालक, सहकारी शिक्षा तथा अनुभव आदान प्रदान सम्बन्धि सबै समिति, उपसमितिका सदस्यहरु र कर्मचारी सम्मिलित दुई दिने आवासीय कार्यक्रमको समेत आयोजन गरिएको थियो । यस किसिमका कार्यक्रमको आयोजनाले सहकारी सञ्चालक तथा कर्मचारीहरुलाई सहकारी सञ्चालन, व्यवस्थापन, सेयर सदस्य सेवा लगायतका क्रियाकलापहरुको सम्बन्धमा महत्वपूर्ण जानकारी एवं विषयवस्तु प्रतिको ज्ञान अभिवृद्धि हुने र यसले संस्थालाई समेत सकारात्मक फाइदा पुग्ने महसुस गरिएको छ ।

**अब म यस साधारण सभामा देहाय बमोजिमका विशेष प्रस्तावहरु पेश गर्न चाहन्छु ।**

१. सञ्चालक समितिको प्रस्ताव अनुसार गत आर्थिक वर्षमा भएको मुनाफाबाट सेयर लाभांश कोषमा जम्मा भएको रकम रु २३ लाख ४७ हजारलाई सेयर लगानीको आधारमा १३.०० प्रतिशतले नगद लाभांश वितरण गर्ने ।

२. संचालक समितिले पारित गरी लागू गरेको कर्मचारी अवकाश कोष सञ्चालन कार्यविधि २०७९ लाई अनुमोदन गर्ने ।

३. संस्थाको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

४. चालु आर्थिक वर्षमा सदस्य शिक्षा, वित्तीय सचतेना, अनुशिक्षण, तालीम, अर्न्तकृया, गोष्ठी, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु मध्ये कुनै ३ वटा उपयुक्त कार्यक्रम संचालन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. संचालक समितिको विद्यमान बैठक भत्ता, खाजा खर्चलाई यथावत राख्ने तथा आवश्यकता अनुसार अन्य उपसमिति गठन गरी बैठक भत्ता, खाजा खर्च उपलब्ध गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

६. सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को निर्णय अनुमोदन गर्ने ।

**आदरणीय सेयर सदस्य महानुभावहरू,**

प्रस्तुत साधारण सभामा पेश गरेका प्रतिवेदनको वस्तुपरक विश्लेषण तथा मूल्याङ्कन गरी संस्थाको उद्देश्यलाई साकार पार्न यहाँहरूबाट अमूल्य सुझाव प्राप्त हुने अपेक्षा राखेको छु । साथै, सञ्चालक समितिको बैठकले पारीत गरी संस्थाको वेबसाइट www.aapasi.com.np को माध्यमबाट ३२औं साधारण सभाका लागि सार्वजनिक गरिएका प्रस्तावहरुलाई अनुमोदन गरिदिनुहुन सम्पूर्ण सेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछु ।

संस्थाको सञ्चालक समितिमा मेरो नेतृत्वमा रही मलाई सहयोग गर्नु हुने सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरू, लेखा सुपरिवेक्षण समितिमा रही संस्थाको समग्र वित्तीय अवस्थाको अवलोकन गरी आर्थिक कारोबारमा पारदर्शिता कायम गर्न सहयोग पुऱ्याउनु हुने लेखा समितिका संयोजक तथा सदस्यहरू, ऋण उप-समितिमा रही संस्थाको कर्जा प्रवाह तथा असुलीमा योगदान गर्ने संयोजक तथा सदस्यहरु यसैगरी संस्थाको सहकारी शिक्षा र वित्तीय चेतना अभिवृद्धि कार्यक्रममा खट्ने शिक्षा समितिका संयोजक र सदस्यहरु र दैनिक कार्य सञ्चालन गरी संस्थाको उद्देश्य परिपूर्तिमा खटिनु हुने सहायक व्यवस्थापक र कर्मचारीहरूलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु । यसै गरी यस संस्थाको काम कार्वाहीमा महत्वपूर्ण सहयोग पुर्याउनुहने नेपाल राष्ट्र बैंकको उच्च व्यवस्थापनलाई विशेष आभार तथा धन्यबाद ब्यक्त गर्दै साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सवैमा धन्यवाद ज्ञापन गर्दछु ।

र अन्यमा सहकार्य र सह अस्तित्वलाई स्वीकार गर्दै सेयर सदस्यहरुको सामुहिक आर्थिक भलाईका लागि हातेमालो गरी अगाडि वढ्ने प्रतिवद्धताको साथ यो बार्षिक प्रतिवेदन अन्त्य गर्न चाहन्छु ।

धन्यवाद, जय सहकारी ! जय आपसी !!

.......................

सुशील ज्ञवाली

अध्यक्ष